**नेपाल स्टक एक्सचेन्ज लिमिटेड**

**सिंहदरबार प्लाजा, काठमाण्डौं ।**

**मिति २०६६/३/१२ गते शुक्रवार देखि २०६६/३/१८ गते बिहीवार सम्मको कारोबार**

यस साता नेपाल स्टक एक्सचेन्जमा ८० कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ४५४७ कारोबारबाट ४६ करोड २६ लाख १९ हजार रुपैयाँ बराबरका १९ लाख ६३ हजार ७ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा १०३.८८ प्रतिशतले वृद्धि भएको हो । गत साता ३८०६ शेयर कारोबारबाट २२ करोड ६९ लाख १० हजार रुपैयाँ बराबरका ३ लाख ९२ हजार ८ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबारमध्ये 'क' वर्गका कम्पनीहरुको मात्र ११ करोड ४२ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको २४.६९ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा १.०८ अंकले वृद्धि भई अन्तिम दिन ६६७.४३ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ६८३.३७ | ४३४.३२ | ३६५.९८ | ६४६.१९ | ८९७.७१ | २९५.८३ | ६३३.०७ | ६८०.८९ | ६९७.७८ | ६६६.३५ | १७७.५१ | ६३.८४ |
| दोस्रो | ६८१.७१ | ४३४.३२ | ३६५.९८ | ६४१.५० | ८८९.२१ | २९५.८३ | ६३२.५६ | ६७७.९४ | ६९६.८१ | ६६३.९६ | १७७.०८ | ६३.६० |
| तेस्रो | ६७९.६४ | ४३४.३२ | ३६७.४२ | ६३०.३२ | ८९४.५५ | २९५.८३ | ६३०.७९ | ६७९.६१ | ६९२.३१ | ६६२.६३ | १७६.३२ | ६३.४९ |
| चौथो | ६८०.१० | ४३४.३२ | ३६७.४२ | ६३४.४५ | ८९३.४४ | २९५.८३ | ६३१.१८ | ६७९.४८ | ६९२.६९ | ६६१.७८ | १७६.५४ | ६३.४६ |
| पाँचौं | ६८५.०३ | ४३४.३२ | ३६७.४२ | ६४६.१९ | ९०४.६२ | २९५.८३ | ६३१.०५ | ६७८.८२ | ७००.३५ | ६६७.४३ | १७७.३६ | ६४.०९ |
| परिवर्तन | १.६६ | ०.०० | १.४४ | ०.०० | ६.९१ | ०.०० | -२.०२ | -२.०७ | २.५७ | १.०८ | -०.१५ | ०.२५ |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ०.१५ अंकले ह्रास भई १७७.३६ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (९ करोड ८३ लाख रुपैयाँ) को आधारमा नेपाल क्रेडिट एण्ड कमर्स बैंक, शेयर संख्या (९ लाख ८२ हजार कित्ता) को आधारमा नेशनल हाईड्रो पावर कम्पनी र कारोबार संख्या (६०४ वटा) को आधारमा पशुपती विकास बैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | नेपाल क्रेडिट एण्ड कमर्स बैंक | ९८.३० |
| २ | नेशनल हाइड्रो पावर कम्पनी | ८७.८९ |
| ३ | नेपाल बंगलादेश बैंक | ६३.८३ |
| ४ | बैंक अफ काठमाण्डू | १७.०२ |
| ५ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | १५.५३ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।